# जिल्ला समन्वय समितिको कार्यालय, ललितपुर

## मानभवन, बागमती प्रदेश, नेपाल

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) बमोजिम**

**प्रकाशित त्रैमासिक विवरण**

**२०८२ वैशाख देखि २०८२ असार मसान्तसम्म**






**२०८२ श्रावण**

# जिल्ला समन्वय समितिको कार्यालय, ललितपुर
## मानभवन, बागमती प्रदेश, नेपाल

समन्वय समितिको ललितपुर २०७३

### (क) जिल्ला समन्वय समितिको कार्यालयको स्वरुप र प्रकृति

२०७२ असोज ३ मा जारी भएको नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम स्थानीय तहको संरचना अन्तर्गत वि.सं. २०७४ मा सम्पन्न पहिलो स्थानीय तह निर्वाचनको मतपरिणाम पश्चात् जिल्ला समन्वय समिति, ललितपुरको गठन भएको हो । यसको कार्यालय भवन ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. ५ स्थित मानभवनमा अवस्थित रहेको छ ।

नेपालको संविधानको धारा २२० को उपधारा (१) मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था रहेको छ । सो अन्तर्गत जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरु बिच समन्वय गर्न एक जिल्ला सभा रहने व्यवस्था उल्लेख गरिएको छ ।

### (ख) जिल्ला समन्वय समितिको कार्यालयको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा २२० को उपधारा (३) मा जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ भन्ने व्यवस्था रहेको छ । त्यसैगरी धारा २२० को उपधारा (७) अनुसार जिल्ला सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ को उपदफा (१) मा जिल्ला सभाको काम कर्तव्य र अधिकारको सम्बन्धमा देहायको व्यवस्था गरिएको छ ।

*प्रदेश कानूनले अन्यथा व्यवस्था नगरेसम्मको लागि संविधानको धारा २२० को उपधारा(७) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला सभाको अन्य काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः*

- जिल्ला भित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
- जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारीता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफल सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,
- जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश र संघसँग समन्वय गर्ने,
- जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने,

समन्वय अधिकारी

# जिल्ला समन्वय समितिको कार्यालय, ललितपुर
## मानभवन, बागमती प्रदेश, नेपाल

ललितपुर
२०७३

- जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय र सहजीकरण गर्ने,
- जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,
- जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघसंस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,
- जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,
- आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,
- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,
- नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

त्यसैगरी बागमती प्रदेशले जारी गरेको गाउँ/नगर/जिल्ला सभा सञ्चालन(कार्यविधि) ऐन, २०७५ को दफा ५४ मा जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकारका सम्बन्धमा व्यवस्था गरिएको छ ।

### (ग) कर्मचारी संख्या र कार्य विवरण

पदाधिकारीहरु

| क्र.सं. | नाम थर | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | ऋषि देव फुँयाल | प्रमुख | ९८५१०१९१४५ | |
| २ | रामलाल थिङ | उपप्रमुख | ९८६३७१४०६२ | |
| ३ | हरिहर कार्की | सदस्य | ९८४१७०१३८० | |
| ४ | दिनेश घोरासइने | सदस्य | ९८५१२१७८८२ | जिसस प्रवक्ता |
| ५ | सुवेर बहादुर पहरी | सदस्य | ९८४१०२६०८१ | |
| ६ | गीता खड्का | सदस्य | ९८४०१३८१५१ | |
| ७ | शोभा महर्जन | सदस्य | ९८४९४५०९३३ | |
| ८ | शोभा कार्की | सदस्य | ९८४१९२९३९४ | |
| ९ | साधुराम श्रेष्ठ | सदस्य | ९८४१९१३०२२ | |

जिल्ला समन्वय अधिकारी

# जिल्ला समन्वय समितिको कार्यालय, ललितपुर

## मानभवन, बागमती प्रदेश, नेपाल

जिल्ला समन्वय समितिको कार्यालय
ललितपुर
२०७३

कर्मचारीहरु

| क्र.सं. | नाम थर | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | हरि नारायण वेल्बासे | जिल्ला समन्वय अधिकारी | ९८५१०५५५४० | |
| २ | हेम प्रसाद ढकाल | शाखा अधिकृत | ९८५१३१३२८८ | |
| ३ | नीता कुमारी इसर | इन्जिनियर | ९८५१२७८३५७ | |
| ४ | उमादेवी भुसाल | नायब सुब्बा | ९८५११३२३७० | |
| ५ | राधा पौडेल | लेखापाल | ९८४१७४१७९८ | |
| ६ | गरिमा बि.सी | खरिदार | ९८५११११६७१ | |
| ७ | निराजन घिमिरे | ना.सु. | ९८४९९३५३१३ | करार सेवा |
| ८ | भुवन प्रसाद पाण्डे | कार्यालय सहयोगी | ९८४९५३२११२ | करार सेवा |
| ९ | गोपाल बस्नेत | कार्यालय सहयोगी | ९८१३७३०१४२ | करार सेवा |
| १० | देव प्रसाद गौतम | हलुका सवारी चालक | ९८१३००६५६५ | करार सेवा |
| ११ | सुदिप महर्जन | हलुका सवारी चालक | ९८४१३०१५१६ | करार सेवा |

(घ) जिल्ला समन्वय समितिबाट प्रदान गरिने सेवा

- जिल्ला भित्रका स्थानीय तहहरुबीच समन्वय
- विकास निर्माण सम्बन्धी कार्यको अनुगमन
- जिल्लामा रहने तीनै तहका सरकारी कार्यालयबिच समन्वय
- जिल्ला भित्रका गा.पा र न.पा. बिचको विवाद समाधानका लागि समन्वय र सहजीकरण
- स्थानीय तहहरुको क्षमता विकास सम्बन्धमा प्रदेश र संघसँग समन्वय

जिल्ला समन्वय अधिकारी


# जिल्ला समन्वय समितिको कार्यालय, ललितपुर
## मानभवन, बागमती प्रदेश, नेपाल

ललितपुर
२०७३

(ङ) शाखा र जिम्मेवार अधिकारी

जिल्ला समन्वय समितिको कार्यालयको संगठन संरचना देहायबमोजिम रहेको छः २०८०।०६।१६ मा स्वीकृत

जिल्ला समन्वय समिति, ललितपुरको संगठन संरचना




## (च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस कार्यालयको जिम्मेवारी अन्तर्गत व्यवस्थापकीय कार्यहरु(समन्वय, अनुगमन, सहजीकरण लगायत) सम्पादन गर्ने तथा प्रत्यक्ष रुपमा वस्तुगत सेवा प्रवाह नगर्ने भएकोले यस कार्यालयबाट प्रवाह हुने सेवा प्राप्तिको लागि छुट्टै दस्तुर नलाग्ने ।

## (छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी

निर्णय प्रक्रियाः सम्बन्धित कानूनमा उल्लेख भए बमोजिम

निर्णय गर्ने अधिकारीः तोकिएको समितिको बैठकबाट, जिल्ला समन्वय समिति प्रमुख, जिल्ला समन्वय अधिकारी

जिल्ला सभाको बैठक

जिल्ला समन्वय समितिको बैठक

जिल्ला समन्वय अधिकारी

## जिल्ला समन्वय समितिको कार्यालय, ललितपुर
### मानभवन, बागमती प्रदेश, नेपाल

(ज) गुनासो सुन्ने अधिकारी

जिल्ला समन्वय समिति प्रमुख, जिल्ला समन्वय अधिकार

(झ) सम्पादन गरेको कामको विवरण

| क्र.सं. | कामको विवरण | मिति | कैफियत |
|---|---|---|---|
| १ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास सम्बन्धी तालिम, बागमती गाउँपालिका, ललितपुर | २०८२।०१।११ | |
| २ | जिल्ला स्थित संघीय आयोजना, प्रादेशिक विषयगत कार्यालय र स्थानीय तहहरुबीच दोस्रो चौमासिक अवधि प्रगति समीक्षा | २०८२।०१।२८ | |
| ३ | *ज्येष्ठ नागरिक, महिला बालबालिका, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक लगायत सिमान्तकृत वर्गको हकहित प्रवर्द्धन सम्बन्धी कार्यक्रम* अन्तर्गत महाङ्काल गाउँपालिका वडा नं. ६ र बागमती गाउँपालिका वडा नं. ७ का ८० वर्ष पुगेका जम्मा ७१ जना ज्येष्ठ नागरिकहरुलाई न्यानो कपडा(Blanket) वितरण | २०८२ वैशाख ३० र ३१ गते | |
| ४ | *जिल्लास्तरीय खेलकूद तथा अन्य महोत्सवहरुमा सञ्चालन र सहकार्य कार्यक्रम* अन्तर्गत महाङ्काल, कोन्ज्योसोम र बागमती गा.पा.का ३६ विद्यालयहरुमा विद्यालयहरुमा खेलकुद सामाग्री(भलिबल र नेट) वितरण | २०८२ वैशाख ३० र ३१ गते | |
| ५ | बागमती प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयनार्थ महाङ्ककाल, कोन्ज्योसोम र बागमती गा.पा.को स्थलगत अनुगमन गरिएको । | २०८२ वैशाख | |
| ६ | ६ वटै पालिकाहरुमा सामाजिक विकास कार्यक्रमहरुको अनुगमन सम्बन्धी कार्य | २०८२ वैशाख र जेठ | |
| ७ | नवौं जिल्ला सभा सञ्चालन | २०८२ जेठ २५ | |
| ८ | गोदावरी न.पा.को वडा नं. १, १० र १३ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि सहमति प्रदान | २०८२ वैशाख ३ र २५ गते | |

जिल्ला समन्वय अधिकारी

# जिल्ला समन्वय समितिको कार्यालय, ललितपुर
## मानभवन, बागमती प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ९ | जिल्ला स्थित स्थानीय तहहरुहरुसँग योजना/कार्यक्रमको लागत साझेदारीका लागि स्रोत सुनिश्चितता सम्बन्धी निर्णय, सम्झौता, अनुगमन र भुक्तानी | | |
| १० | प्रदेश सरकारको अनुदानमा सञ्चालित योजना/कार्यक्रमहरुको अनुगमन र प्रतिवेदन | | |
| ११ | स्थानीय तहमा कानून, कार्यविधि र निर्देशिका निर्माण सम्बन्धी तालिम, बागमती गाउँपालिका | २०८२।०२।१३ | |
| १२ | जिल्ला स्थित स्थानीय तहहरुलाई नदीजन्य पदार्थको व्यवस्थापन सम्बन्धी निगरानी अनुगमन सम्बन्धमा जिल्ला समन्वय समितिको मिति २०८२ जेठ ५ गतेको बैठकबाट निर्णय गरी आवश्यक कार्यार्थ पत्राचार गरिएको । | | |
| १३ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास सम्बन्धी तालिम, गोदावरी नगरपालिका, ललितपुर | २०८२।०२।२२ | |
| १४ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास सम्बन्धी तालिम, महाङ्काल गाउँपालिका, ललितपुर | २०८२।०२।२६ | |
| १५ | ललितपुर जिल्लाका स्थानीय तहहरुका वडा स्तरमा विकास निर्माण, सेवा प्रवाह सम्बन्धमा असल अभ्यास र अनुभव सम्बन्धी अन्तरक्रिया र छलफल कार्यक्रम | २०८२।०३।०२ | |
| १६ | जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ बमोजिम कार्यक्रम व्यवस्थापन समितिको बैठक | ९ पटक | |
| १७ | जिल्ला समन्वय समितिको बैठक | ११ पटक | |

**(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद**

कार्यालय प्रमुखः जिल्ला समन्वय अधिकारी श्री हरि नारायण बेल्वासे

सूचना अधिकारीः शाखा अधिकृत श्री हेम प्रसाद ढकाल

जिल्ला समन्वय अधिकारी

# जिल्ला समन्वय समितिको कार्यालय, ललितपुर
## मानभवन, बागमती प्रदेश, नेपाल

समन्वय समितिको कार्यालय ललितपुर २०७३

(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५
- गाउँ/नगर/जिल्ला सभा सञ्चालन(कार्यविधि) ऐन, २०७५
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

(२०८१ श्रावण १ देखि २०८२ असार मसान्तसम्मको)

| खर्च | | आम्दानी | |
|---|---|---|---|
| शीर्षक नं. | रकम रु. | शीर्षक नं. | रकम रु. |
| ३६५००१०५३ संघीय अनुदान | १,३४,८५,४५९।३० | हलभाडा | १,५१,०००।- |
| ३०१०००११३ प्रदेश अनुदान | २३,८५,३७०।- | घरभाडा | २१,१६,६८०।- |
| मौज्दात कोष विविध | २,८०,५४,०८६।- | | - |
| जम्मा | ४,३९,२४,९१५।३० | | २२,६७,६८०।- |

(ड) अन्य विवरण


कार्यालयको सम्पर्क विवरण

Website: www.dcclalitpur.gov.np

Email: dcclatcoco2075@gmail.com

टेलिफोन नं.: ०१५५५३७४७

ठेगानाः ललितपुर महानगरपालिका वडा नं. ५, मानभवन, ललितपुर


जिल्ला समन्वय अधिकारी